बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
फोन नं. ०५७-४१२७१६

सामाजिक विकास कार्यालय

हेटौंडा, नेपाल

प्रशिक्षकको सूचीमा सूचीकृत हुने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२७ गते)

यस सामाजिक विकास कार्यालयबाट आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चितवन, मकवानपुर र सिन्धुली जिल्लामा सञ्चालन हुने सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने प्रशिक्षक वा सहायक प्रशिक्षक आवश्यक भएको हुदाँ प्रशिक्षकको सूची (Roster) तयार गर्ने प्रयोजनको लागि तपसिल बमोजिमका योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकहरूले आवश्यक कागजातहरू सहित तोकिएको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम यस कार्यालयको वेवसाइट sdohetauda.bagamati.gov.np मा समेत राखिएको छ।

तपसिलः

क्र.सं.	पद र नाम	आवश्यक योग्यता र अनुभव
१	प्रशिक्षक	मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा दुई तहको सीप परीक्षण पास गरेको ।
२	सहायक प्रशिक्षक	सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरी परम्परागत सीप र प्रविधियुक्त भई न्यूनतम एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव वा सम्बन्धित सीपमा एक तहको सीप परीक्षण पास गरेको ।

द्रष्टव्यः

१. दरखास्त फाराम साथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, सम्बन्धित तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातहरूका प्रतिलिपीहरू संलग्न गरी निवेदन आफैले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी पेश गर्नुपर्ने छ ।

कार्यालय प्रमुख

प्रशिक्षक सूचीकृत फाराम

मितिः २०८३/......../..........

श्री सामाजिक विकास कार्यालय
बागमती प्रदेश, हेटौंडा, नेपाल ।

विषयः प्रशिक्षक सूचीकृत सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा श्री सामाजिक विकास कार्यालय, हेटौंडाबाट आ.व. २०८३/०८४ मा सञ्चालन हुने तालिम कार्यक्रमहरूको लागि प्रशिक्षक सूचीकृत गरि राख्ने सूचना अनुसार मैले .... विषयको तालिममा प्रशिक्षकको रुपमा प्रशिक्षण कार्य गर्दै आएको र उक्त तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा यस तालिमका लागि प्रशिक्षक सूचीकृत गरिपाउँ भनी तपसिल बमोजिम कागजातसहित यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित विषयको तालिम सञ्चालन सम्बन्धी अनुभवको प्रमाणपत्रको प्रतिलिपि
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि

निवेदकः
नामः
ठेगानाः
हस्ताक्षरः
सम्पर्क नं.